# कर्मचारी आवश्यकता

**प्रथम पटक प्रकाशित (२०७९/०४/२४)**

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रियस्तर कार्यक्षेत्र भएको यस **ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेड (ग्लोबल आइएमई बैंक लि. को सहायक कम्पनी)** को ग्रामीण क्षेत्र तथा विपन्न वर्गमा कार्य गर्नको लागि तपसिल बमोजिमका पदहरुमा स्थायी रुपमा पदपूर्ति गर्नुपर्ने भएकाले इच्छुक योग्य उम्मेद्वारहरुबाट निवेदनका साथै हालसालै खिचिएको पासपोर्ट साईजको फोटो, बायोडाटा, नेपाली नागरिकताको प्रतिलिपि, माथिल्लो शैक्षिक योग्यताको प्रमाणपत्र तथा अनुभवका प्रमाणपत्रहरुको प्रतिलिपि सहित यो विज्ञापन प्रकाशित भएको मितिले **१५ दिनभित्रमा** यस वित्तीय संस्थाको **website:www.gilb.com.np** मा Online आवेदन दिन आव्हान गरिएको छ। छनौट सूचीमा परेका उम्मेद्वारहरुलाई मात्र टेलिफोन मार्फत परीक्षा केन्द्र, लिखित परीक्षा तथा अन्तर्वार्ताको बारेमा जानकारी गराईनेछ।

| क्र.सं. | विज्ञापन नं. | पद | श्रेणी | संख्या | वाञ्छनीय/शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १ | ०१/२०७९/८० खुल्ला | **विभागीय प्रमुख (सूचना प्रविधि)** | व्यवस्थापकीय/अधिकृत | १ | सम्बन्धित विषयमा स्नातक वा सो सरह परीक्षा उत्तीर्ण भई बैंक तथा वित्तीय संस्थामा सम्बन्धित विभागमा रही कम्तिमा ३ वर्षको कार्यानुभव भएको। |
| २ | ०२/२०७९/८० खुल्ला | **प्रदेश प्रमुख** | व्यवस्थापकीय/अधिकृत | केही | **व्यवस्थापकीय श्रेणी :** मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर वा सो सरहको परीक्षा उत्तीर्ण भई बैंक तथा वित्तीय संस्थामा अधिकृत पदमा रही ३ वर्षको कार्यानुभव भएको साथै लघुवित्त वित्तीय संस्थामा प्रदेश प्रमुखको कार्यानुभव भएकालाई विशेष प्राथमिकता दिईने।<br>**अधिकृत श्रेणी :** मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण भई लघुवित्त वित्तीय संस्थामा अधिकृत पदमा रही ४ वर्षको कार्यानुभव भएको। |
| ३ | ०३/२०७९/८० खुल्ला | **कानून अधिकृत** | अधिकृत | १ | सम्बन्धित विषयमा स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण भएको। (सम्बन्धित निकायबाट अनुमतिपत्र प्राप्त गरी बैंक तथा वित्तीय संस्थामा कार्यानुभव भएकोलाई विशेष प्राथमिकता दिईनेछ।) |
| ४ | ०४/२०७९/८० खुल्ला | **अनुगमन अधिकृत/ आन्तरिक लेखापरीक्षक** | अधिकृत | केही | **अनुगमन अधिकृत :** मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण भई लघुवित्त वित्तीय संस्थामा शाखा प्रमुखको रुपमा कार्यरत रही कम्तिमा ३ वर्षको कार्यानुभव भएको वा प्रवीणता प्रमाणपत्र वा सो सरहको परीक्षा उत्तीर्ण भई लघुवित्त वित्तीय संस्थामा शाखा प्रमुखको रुपमा कम्तिमा ५ बर्षको कार्यानुभव भएको।<br>**आन्तरिक लेखापरीक्षक :** मान्यता प्राप्त विश्वविद्यालयबाट व्यवस्थापन बिषयमा स्नातक वा सो सरह परीक्षा उत्तीर्ण भई बैंक तथा वित्तीय संस्थामा कम्तिमा २ वर्षको कार्यानुभव भएको वा Semi Qualified Chartered Accountancy उत्तीर्ण भई Audit Firm मा कम्तिमा २ वर्षको कार्यानुभव भएको। |
| ५ | ०५/२०७९/८० खुल्ला | **शाखा प्रमुख** | अधिकृत/सहायक | केही | **अधिकृत श्रेणी :** मान्यता प्राप्त विश्व विद्यालयबाट स्नातक वा सो सरह परीक्षा उत्तीर्ण भई लघुवित्त वित्तीय संस्थामा सुपरभाईजर वा वरिष्ठ सहायक पदमा रही कम्तिमा २ वर्षको कार्यानुभव भएको।<br>**सहायक श्रेणी (सुपरभाइजर/व.सहायक) :** मान्यता प्राप्त विश्वविद्यालयबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण भई लघुवित्त वित्तीय संस्थामा कम्तीमा ३ वर्षको कार्यानुभव भएको। (शाखा प्रमुख भई कार्य गरकोलाई बिशेष प्राथमिकता दिइने।) |
| ६ | ०६/२०७९/८० खुल्ला | **सहायक/ कनिष्ठ सहायक/ व्यवस्थापन प्रशिक्षार्थी/ प्रशिक्षार्थी सहायक** | सहायक | केही | **सहायक :** प्रवीणता प्रमाणपत्र वा सो सरहको परीक्षा उत्तीर्ण भई बैंक तथा वित्तीय संस्थामा कम्तिमा २ वर्षको कार्यानुभव भएको।<br>**कनिष्ठ सहायक :** SEE वा सो सरह परीक्षा उत्तीर्ण भई लघुवित्त वित्तीय संस्थामा कम्तिमा १ वर्ष कार्यानुभव भएको।<br>**व्यवस्थापन प्रशिक्षार्थी :** व्यवस्थापन विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण भएको।<br>**प्रशिक्षार्थी सहायक :** कम्तिमा SEE वा सो सरह उत्तीर्ण भएको। |

**उमेर : व्यवस्थापकीय श्रेणी :** २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको, **अधिकृत श्रेणी :** २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको र **सहायक श्रेणी :** १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको। (महिला उम्मेद्वारको हकमा माथिल्लो उमेरको हदमा पाँच वर्ष थप हुनेछ)। यस वित्तीय संस्थामा कार्यरत कर्मचारीहरुको लागि उमेरको हद लाग्ने छैन।

**अन्य :** मोटरसाईकल ड्राईभिङ गर्न सक्नेलाई प्राथमिकतामा राखिनेछ ।

**नोट :** कर्मचारी आवश्यकताको विज्ञापन आंशिक वा पूर्ण रुपमा रद्ध गर्ने अधिकार यस वित्तीय संस्थामा निहित रहनेछ।

**पदपूर्ति समिति :**


**ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लि.**
**Global IME Laghubitta Bittiya Sanstha Ltd.**
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रियस्तर कार्यक्षेत्र भएको)

**केन्द्रीय कार्यालय**
पोखरा-२६, विजयपुर, कास्की
**फोन :** ०६१-४११४३८, ४११४३९